# विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०८०

खण्ड (६) संख्या-६२, नेपालगंज २०७९

# राजपत्र

**नेपालगंज उप-महानगरपालिका**

**नगर कार्यपालिकाको निर्णयबाट स्वीकृत**

**स्वीकृत मिति : २०७९/१०/१८**

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिका
नेपालगंज, बाँके

# विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०८०

## नेपालगंज उपमहानगरपालिका

## विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

नेपालगंज उमहानगरपालिका क्षेत्रमा स्थायी बसोवास व्यक्तिहरु (परि वार)का हकमा विपद् दुर्घटना बीमा र जोखीमग्रस्त क्षेत्रमा रहेकानिजि आवासीय भवनहरुको बीमा सम्वन्धी कार्यलाई व्यवस्थित गर्न बान्छनिय भएकोलेप्रमुख प्रशासकीय कार्यविधि नियमित गन बनेको ऐन २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी यस नेपालगंज उपमहानगरपालिकाले यो कार्यविधि बनाइएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "निजी आवास"भन्नाले नेपालगंज उपमहानगरपालिका अन्तर्गतको निजी आवासीय भवन सम्झनु पर्छ।

(ख) "आवास विमा" भन्नाले बसोबास कार्यकालागि मात्र प्रयोग भई कुनै व्यवसायीक रुपमा प्रयोग नभएको  आवास सम्झनु पर्छ।

(ग) "उपमहानगरपालिका" भन्नाले नेपालगंज उपमहानगरपालिका सम्झनु पर्छ।

(घ.) "बीमक" भन्नाले नेपालमा दर्ता भई विपद् जोखीम वीमाकालागि नगरपालिकासंग सझौता भएका वीमा कम्पनी सम्झनु पर्छ।

(ङ) "बीमा कम्पनी" भन्नाले प्रचलीत कानून बमोजिम दर्ता भएका सवै  बीमा कम्पनी सम्झनु पर्छ।

(च) "बीमा शुल्क" भन्नाले बीमितको तर्फबाट उपमहानगरपालिका र सम्वन्धित व्यक्तिले तिर्ने शुल्क (प्रिमियम) शुल्क सम्झनु पर्छ।



(छ) "बीमाङ्क" भन्नाले बीमा गरिने नागरिकहरुलाई प्रति व्यक्तिको लागि तोकिएको क्षतिपूर्ति रकम र भवनको हकमा बीमा गर्नको लागि प्रति भवनको अधिकतम स्वीकार गरिएको मूल्य सम्झनु पर्छ।

(ज) "बीमित" भन्नाले कार्यविधि अन्तर्गत बीमा सुविधा प्राप्त गर्ने व्यक्ति वा सस्था सम्झनु पर्छ।

(झ) "मौन विशेषताका भवन" भन्नाले प्रयोगमा नरहेको वा निर्माणाधीन अवस्थामा रहेका भवन सम्झनु पर्छ।

(ञ) "विपद् जोखिम बीमा" भन्नाले नेपालगंज उपमहानगरपालिकामा स्थायी बसोबास भएको हकमा गरिने सामुहिक विपद् दुर्घटना र जोखिम ग्रस्त क्षेत्रमा रहेका निजी आवासहरुको बीमा सम्झनु पर्छ।

(ट) "हकवाला" भन्नाले बीमितको आवास र व्यक्तिको हक लाग्ने कानून बमोजिम नजिकको व्यक्ति सम्झनु पर्छ।

**३. बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण :**

बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण देहाय बमोजिम हुनेछ :-

(क) "विपद् दुर्घटना बीमा" अन्तर्गत नेपालगंज उपमहानगरपालिका भित्र निमार्ण भएका घरहरु यस बीमा वापतको लाभ प्राप्त गर्न योग्य हुनेछन्।

(ख) "जोखिम ग्रस्त क्षेत्र आवास बीमा" अन्तर्गत नेपालगंज उपमहानगर पालिकाको भौगोलिक सीमा भित्रका जोखिम ग्रस्त क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा रहेका निजी भवनहरुको संख्या बीमा कम्पनीलाई उपलब्ध गराईनेछ। उक्त संख्या नै कूल बीमितको संख्या हुनेछ।

(ग) जोखिम ग्रस्त क्षेत्रको पहिचान नेपालगंज उपमहानगरपालिकाविपद् व्यवस्थापन समितिले गर्नेछ।

(घ) खण्ड (ख) बमोजिमको बीमित हुनको लागि स्थानीय विपद् व्यवस्थापनसमितिले तोकेको संख्या भित्र रही बडास्तरिय स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नेपालगंज उपमहानगर पालिका स्थानीय विपद् व्यवस्थापन समितिले छनौट गर्नेछ।

(ङ) खण्ड (ख) बमोजिमको घर छनौट गर्दा घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा जग्गाको किता नं. खुलेको बहाल विटौरी समेतको कागजात र घर निर्माण भएको बडा कार्यालयको सिफारिस भएको हुनु पर्नेछ।

**४. <u>बीमा सम्झौता</u> :** नेपालगंज उपमहानगरपालिकाले विमा कम्पनीसँग बीमा सम्झौता वा समझदारी गर्दा देहायका शर्तहरु पालना गर्नुपर्नेछ।

(क) बीमा गर्ने व्यक्ति र भवनहरुको संख्या नेपालगंज उपमहानगर पालिकाले विमा कम्पनीलाई उपलब्ध गराउने छ।

(ख) बीमा भएको भवन संरचना विपद्का कारण ध्वस्त भएमा वा भत्कीएको अवस्थामा बीमा कम्पनीले बीमा गरेको रकम भवन संरचनाको विमितलाई उपलब्ध गराउनु पर्ने छ।

(ग) खण्ड(क)अनुसार बीमा सुविधाबाट लाभान्वित हुनको लागि नेपालगंज उपमहानगरपालिकामा स्थायी बसोबास भएका नागरिकहरुको हकमा विपद् घटेको घटनाका कारण कुनै व्यक्तिको मृत्यु भएमा त्यस्ता व्यक्तिको नजिकको हकवालालाई बीमा कम्पनीले क्षतिपूर्ति प्रदान गर्नेछ।

(घ) खण्ड (ख) अनुसार विपद्को कारण क्षति भएको सम्पुर्ण भवन भत्केको नष्ट भएको भवनहरुका जोखिम ग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमा गरिने भवनको बीमाङ्क रकम प्रति भवन रु.१५ लाखसम्म कायम गरिएको छ र रु १५ लाख भन्दा बढी



मूल्यको बीमा गर्नु गराउनु पर्ने अवस्था आएको खण्डमा उपमहानगरपालिकालेरु १५ लाखको पर्ने बीमाको प्रिमियम र कम उपलव्ध गराई सो भन्दा वढीको बिमाकं रकमको हकमास्वयं घरधनीले सम्वन्धित बीमा कम्पनीहरुलाई उपलव्ध गराउनु पर्ने छ।

(ङ) व्यवसायीक भवनको हकमा घरधनी स्वयम आफैले अनिवार्य विमा गर्नुपर्ने छ।

(च) खण्ड(घ)बमोजिम कायम गरिएको बिमाकंलाई मान्नुपर्ने छ र यस बमोजिम बिमा गरिएको भवनको बीमा दाविमा नेपाल बिमा प्राधिकरणको दावी सम्वन्धि शर्त लागू हुने छ।

(छ) यस कार्यविधि बमोजिम गरिने जोखिम ग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमाले भूकम्प, आगलागी, बाढी/डुवान, जमिन धसिने वा भासिने, हावाहुरी, चट्याङ्ग, असिनापानी, हवाइ दुर्घटना जस्ता विपदका जोखिम विरुद्ध सुरक्षा प्रदान गर्नेछ।

(ज) व्यक्तिगत बीमितले बीमा गरिने भवन धितोमा राखी बैंक मार्फत ऋण प्राप्त गरेको अवस्थामा खण्ड (घ) बमोजिमको बीमाङ्क रकम बजार मूल्य अनुसार कायम गर्न सक्नेछ। बजार मुल्य अनुसार बीमाङ्क कायम गरिएको अवस्थामा थप बीमा शुल्क भुक्तानी गर्ने दायित्व समेत बीमित स्वयंको हुनेछ। यस्तो अवस्थामा परेको दाबीमा औसत शर्त लागु हुनेछ।

(ञ) यस कार्यविधि अन्तर्गत बीमा सुविधा मौन विशेषताका भवनहरुमा समेत लागू हुनेछ तर बीमाङ्क रकम र बीमा शुल्कमा परिवर्तन हुने छैन।

(ट) यस कार्यविधिमा तोकिएमा यसै कार्यविधि बमोजिम र नतोकिएका बीमा ऐन अनुसार सुविधा, सेवा तथा शर्तहरु सम्झौतामा तोके बमोजिम हुनेछन्।

**५.बीमालेखले नसमेट्ने विषयहरुः** बीमालेख अन्तर्गत देहायका अवस्थामा बीमकले दावी भुक्तानी गर्न पाउने छैनः-

(क) गैरकानूनी तरिकाले उडेको उडानबाट,

(ख) खतरनाक खेलहरु जस्तै-घोडादौड, बन्जी जम्पीङ्ग, प्याराग्लाईडिङ्ग, मोटरसाईकल रेस,

(ग) बीमितले कुनै प्रचलित कानुन उलंङ्घन गरेको कारणबाट ।

(घ) पूर्व निर्धारित युद्ध, हुलदंगा अतिक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति ।

(ङ) अन्य नियमहरु प्रचलित विमा ऐन अनुसार रहने छ ।

**६. बीमा शुल्क, व्यवस्था र भुक्तानी**: बीमा गरे वापत बीमा कम्पनीलाई देहाय बमोजिमको हकमा बीमा प्राधिकरणबाट तोकीएको दर लागू हुनेछ ।

(क) नेपालगंज उपमहानगरपालिकाले विपद् सामूहिक दुर्घटना बीमा र निजी आवासको बीमा शुल्क बीमा कम्पनीसँग सम्झौता वा समझदारी गरे अनुसार हुनेछ ।

(ख) नेपालगंज उपमहानगरपालिकाले विपद् बीमा सम्बन्धी गरेका विगतका सम्झौतालाई यस कार्यविधिमा भएका व्यवस्था अनुसार बीमा शुल्क पुनरावलोकन तथा संशोधन गरी सम्झौता गर्न सक्नेछ।

(ग) आगामी वर्षहरुमा जोखिम विश्लेषण तथा विपद् क्षतिको अध्ययन गर्न निश्चित विशेष जनसंख्याको लागि सोही रकमबाट थप बीमा हुन सक्ने प्रावधानलाई प्राथमिकता दिँदै बीमा कार्य गर्न सकिनेछ ।

(घ) बीमा गरिने सम्पूर्ण पोलेसी रकम नेपालगंज उपमहानगरपालिकाले बीमा कम्पनीलाइ डेविट नोट अनुसार भुक्तानी प्रदान गरिनेछ । रकम भुक्तानी भएको २४ घन्टा भित्र रसिद काट्नु पर्ने छ ।



**७. अनुगमन समितिः** (१) यस कार्यविधि अन्तर्गत गरिने दुवै प्रकारका बीमाको तथ्याङ्क संकलन, बीमालेखको जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछ्र्यौट कार्यमा सहजीकरण गर्नको लागि देहाय बमोजिमको नेपालगंज उपमहानगरपालिकामा एक अनुगमन समिति रहनेछ ।

(क) नगर उपप्रमुख, नेपालगंज उपमहानगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत , नेपालगंज उपमहानगरपालिका - सदस्य

(ग) संयोजक ,नेपालगंज उपमहानगरपालिका पुर्वाधार विकास समिति सदस्य

(घ) संयोजक,नेपालगंज उपमहानगरपालिका बातावरण तथा विपद समिति सदस्य

(ङ) अध्यक्ष, नेपाल इन्सुरेन्स प्रोफेसनल सोसाइटी, बाँके शाखा सदस्य

(च) प्रमुख, प्राविधिक शाखा सदस्य

(छ) प्रमुख, बातावरण तथा विपद व्यवस्थापन शाखासदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**८.दाबी भुक्तानी प्रकृयाः** यस कार्यविधि अन्तर्गत बीमा गरिएका व्यक्ति तथा निजी भवनहरुको हानी नोक्सानी हुन गई सोको क्षतिपूर्ति बीमक कम्पनीले देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) बीमा गरिएको व्यक्तिको हकवालाले घटना भएको मितिले पैंतीस दिन भित्र बीमक कम्पनीलाई सम्बन्धित बडा कार्यालयको सिफारिस सहित अनुसूची-१ बमोजिमको लिखित जानकारी दिनुपर्नेछ।

(ख) घर बीमाको हकमा, बीमक कम्पनीले अनुसूची-२ बमोजिमको लिखित जानकारी पाएको तीन दिन भित्र क्षति मूल्याङ्कनको

लागि बीमा समितिबाट इजाजत प्राप्त सर्भेयर खटाईसक्नु पर्नेछ वा दाबी नलाग्ने भए बीमितलाई सर्वे प्रतिवेदन पेश गरेको १५ दिनभित्र लिखित जानकारी दिनु पर्नेछ र ३५ दिन भन्दा ढिला भएको कारण सहित निवेदन दिनुपर्नेछ ।

(ग) बीमक कम्पनीले खटाएको सर्भेयरले क्षतिको निरीक्षण गरि सकेपछि प्रतिवेदन तयार गर्नका लागि बीमितले तल उल्लिखित ढाँचाको दावी फाराम भरी देहाय बमोजिमको कागजात सर्भेयर लाई बुझाउनु पर्ने छ ।

१. भवन रहेको जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपी वा प्रयोगको निस्सा,

२. स्वीकृत भवनको नक्साको प्रमाणित प्रतिलिपी र भवनको हकमा विमा गर्दा पेश गरेको भवन निर्माण सिफारिस र बडा कार्यालयको सिफारिस,

३. नागरिकताको प्रमाणित प्रतिलिपी,

४. मर्मत लागत अनुमान,

५. नजिकको प्रहरी कार्यालयको सिफारिस,

६. सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम,

७. आवश्यकता बमोजिम सर्वेयर/कम्पनीले माग गरेको अन्य कागजात पत्र

(घ) उपदफा (ग) बमोजिम कागजात प्राप्त गरेको पन्ध्र दिन भित्र सर्भेयरले सर्भे प्रतिवेदन बीमक कम्पनीलाई बुझाउनु पर्नेछ ।

(ङ) सर्भेयरले प्रतिवेदन बुझाएको ३५ (पैतिस) दिन भित्र बीमकले सोझै बीमितले पाउने सम्पूर्ण रकम भुक्तानी गर्नु पर्नेछ बा सो भन्दा बढी समय लाग्ने भएमा सर्वेको प्रतिवेदनका आधारमा पेश्की रकम उपलव्ध गराउनु पर्ने छ ।

(च) विपद् जोखिम सामूहिक दुर्घटनाको हकमा बीमा दावी प्राप्त गर्नको लागि बिमितले तोकिएको ढाँचा बमोजिमको दाबी फाराम भरी आवश्यकता बमोजिमको कागजात बुझाएको पैतिस दिन भित्र बीमकले स्थानीय सरकार मार्फत वा सोझै सम्झौता रकम भुक्तानी गर्नु पर्नेछ ।

(छ) विमा भुक्तानी सम्वन्धि हुने कुनै कुरा बाझीएमा प्रचलित विमा दावी भुक्तानी नियमावली अनुसार हुनेछ ।

**९. बीमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने :** बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ :-

(क) बीमा सम्बन्धि सचेतना अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गर्नुपर्नेछ ।

(ख) बीमा सम्बन्धी प्रचार प्रसार, सचेतना कार्यक्रम विपद् सहजकर्ता/स्वयमसेवक परिचालन, तथ्याङ्क संकलन खर्च तथा अनुगमन समितिको बैठक र अनुगमन गर्न लाग्ने खर्च विमाको लागि विनियोजित वजेटबाट गर्नुपर्नेछ।

१०. **विविध :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ र नेपालगंज उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ बमोजिम हुनेछ । अन्य कुरा बाझीएका प्रचलित विमा ऐन अनुसार रहने छ ।

११. **खारेजी र बचाउ :** यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित विमा ऐन सगं बाझिएमाविमा ऐन अनुसार नै हुने छ । साथै, कार्यविधि अनुसार भएका काम कारवाही प्रचलित ऐन नियम बमोजिम भएको मानिने छ ।

## अनुसूची -१

दफा ८ को खण्ड(क) सग सम्वन्धित

**विपद् जोखीम सामूहिक दुर्घटना दावी फाराम**

मिति ........................

श्री........................................

**विषय : दाबी सम्वन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस उपमहानगरपालिका मार्फत त्यस कम्पनीबाट बीमित व्यक्ति मिति ..................... अन्दाजी............ बजे ............................... को कारण क्षति भएकोले सम्झौता अनुसार दावी रकम भुक्तानीको प्रकृया अगाडी वढाइदिन हुन सादर अनुरोध छ ।

१.बीमितको नाम :

२.ठेगाना :

३.नागरिकताको प्रतिलिपि :

४.बीमा लेख नम्बर :

५.क्षति वा दुर्घटनाको कारण :

६.सम्पर्क नम्बर :

७.हकवालाको नाम र दस्तखत :

(क) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागि पेश ।

१. क्षतिको प्रतिवेदन
२. नाता प्रमाणित प्रमाणपत्र
३. हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपी
४. सम्वन्धित बडाको सिफारिस



५. नजिकको प्रहरी कार्यालयको सिफारिस
६. सम्पुर्ण जानकारी सहित कम्पनीले उपलव्ध गराएको दावी फारम
७. अन्य आवश्यक कागजातहरु

## अनुसूची -२

दफा ८ को खण्ड(ख) सग सम्वन्धित

**आवास बीमा दावी फाराम**

मिति .......................

श्री........................................

**विषय : दाबी सम्वन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस उपमहानगरपालिका मार्फत त्यस कम्पनीबाट बीमा भएको घर/भवन मिति ............. अन्दाजी............ बजे ............................... को कारण क्षति हुन गएकोले नियमानुसार दावी भुक्तानीको प्रकृया अगाडी वढाइदिन हुन सादर अनुरोध छ।

१.बीमितको नाम :

२.ठेगाना :

३.अनुदान सम्झौता नम्वर र मिति :

४.बीमा लेख नम्बर :

५.अनुमानित क्षति रकम :

६.सम्पर्क नम्बर :

७.निवेदकको नाम र दस्तखत :

(क) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागि पेश ।

१. घरधनीको नागरिकताको प्रमाणीत प्रतिलिपी

२. जग्गाधनी प्रमाणपुर्जा वा जग्गाको कित्ता नं. उल्लेख गरेको कागजात

३. घर निमार्ण भएको सम्वन्धित बडाको सिफारिस/नक्शा पास प्रमाणपत्र

४. प्रहरी मुजुल्का

५. अन्य आवश्यक कागजातहरु